# सहकारी आचार संहिता

२०६४

## राष्ट्रिय सहकारी संघ लि.

पो.ब.नं. ११८५९, विजुलीबजार, काठमाडौं
फोन नं.: ४७८१३२६, ४७८१६९७
फ्याक्स नं. ४७८१३२६
इमेल: ncf@wlink.com.np
वेवसाईट: ncfnepal.com.np

**प्रस्तावना (Preamble):**

सहकारी संघ/संस्थाहरूको सुसंचालन तथा व्यवस्थापन अन्तर्राष्ट्रिय सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरूप सहकारी आन्दोलनलाई सशक्त बनाउँदै सहकारी संस्कृतिको निर्माण तथा उद्देश्य प्राप्तिका लागि बल पुर्‍याउन संघ/संस्थाको पदीय दायित्वमा रहने समिति/उपसमितिका सदस्यहरू, साधारण सदस्यहरू र कर्मचारीहरूको क्रियाकलापलाई जिम्मेवारीपूर्ण इमान्दार, अनुशासित, पारदर्शी सुशासन एवं मर्यादित बनाउन आचार संहिता तयार गरी लागु गर्न आवश्यक महशुस भएकोले,

राष्ट्रिय सहकारी संघ लि. को तेह्रौं वार्षिक साधारण सभाले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय सहकारी संघ लि. बाट यो सहकारी आचार संहिता-२०६४ तर्जुमा गरी लागु गरिएको छ।

परिच्छेद-१

## नाम र प्रारम्भ

१. **नाम (Name) :**

यो संहिताको नाम सहकारी आचार संहिता – २०६४ रहने छ। यसलाई अंग्रेजीमा Cooperative Code of Conduct -2064 भनिने छ।

२. **प्रारम्भ (Commencement) :**

यो आचार संहिता २०६४ आषाढ २३ गतेबाट लागु हुनेछ।

३. **परिभाषा (Definition) :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आचार संहितामा

(क) "संहिता" भन्नाले सहकारी आचार संहिता – २०६४ लाई सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले सहकारी ऐन, २०४८ लाई सम्झनु पर्छ।

(ग) "नियम" भन्नाले सहकारी नियामावली, २०४९ लाई सम्झनु पर्छ।

(घ) "विनियम" भन्नाले सहकारी ऐन अन्तर्गत दर्ता भएका सहकारी संघ/संस्थाको विनियमलाई सम्झनु पर्छ।

(ङ) "संघ/संस्था" भन्नाले राष्ट्रिय सहकारी संघ, केन्द्रीय सहकारी संघ, राष्ट्रिय सहकारी बैक, जिल्ला सहकारी संघ, विषयगत सहकारी संघ र प्रारम्भिक सहकारी संस्था समेतलाई जनाउने छ।

(च) "पदाधिकारी (पदिय दायित्व वहन गर्ने)" भन्नाले संघ/संस्थाको संचालक समिति/लेखा समिति तथा विभिन्न उपसमितिका सदस्यहरूलाई सम्झनु पर्नेछ।

(छ) "सदस्य" भन्नाले संस्था वा संघको विनियम बमोजिम शेयर खरिद गरी सदस्यता प्राप्त गरेको व्यक्ति, संस्था, संघ वा अन्य निकाय समेतलाई जनाउने छ।

(ज) "कर्मचारी" भन्नाले संघ/संस्थामा कार्यरत सम्पूर्ण कर्मचारीहरूलाई सम्झनु पर्छ।

४. **उद्देश्य (Objectives)**

(१) सहकारिताका मूल्य, मान्यता र सिद्धान्तहरूलाई व्यवहारमा उतार्न र सहकारी संघ/संस्थालाई सशक्त रूपमा शुसंचालन गर्दै सहकारी आन्दोलनलाई प्रभावकारी र आदर्श बनाउने,

(२) सहकारी संघ/संस्थामा आवद्ध सदस्यहरूको व्यक्तिगत एवं सामाजिक क्रियाकलापलाई मर्यादित एवं आदर्श युक्त बनाउने,

(३) संघ/संस्थाका क्रियाकलापलाई नियमित, व्यवस्थित, अनुशासित एवं पारदर्शी बनाउँदैं सुशासन र सहकारी संस्कृतिको निर्माण गर्ने ,

(४) सदस्य तथा पदाधिकारीहरूको काम कारवाही उत्तरदायी एवं जवाफदेही बनाउने, र

(५) संघ/संस्थाको व्यवसायिक कारोवार तथा व्यवस्थापनमा सुधार ल्याउने।

परिच्छेद-२

## पदिय दायित्व वहन गर्ने सदस्यहरूको पालना गर्नु पर्ने आचार संहिता

५. सहकारी संघ/संस्थामा पदिय दायित्व वहन गर्ने सदस्यहरूले देहाय वमोजिमको आचार संहिता पालना गर्नुपर्ने छः-

(१) सहकारी मूल्य, मान्यता, सिद्धान्तहरू तथा सहकारी ऐन, नियम, विनियम, नियमावली, निर्णय र सम्झौताको अनिवार्य पालना गर्नुपर्ने,

(२) दलगत राजनीति, धर्म, जात, जाति, लिंग, वर्ण, भाषा आदिका आधारमा भेदभाव रहित व्यवहार गर्नु पर्ने,

(३) .संस्थाको व्यवसायिक कारोवारको सिलसिलामा कुनै किसिमको उपहार, दान, दातव्य, घुस, चन्दा आदि लिन/दिन नहुने,

(४) संघ/संस्था तथा अन्य सरोकारवाला (Stakeholders) व्यक्तिहरूको स्वाभिमान तथा आदर्शको सम्मान गर्दै निस्पक्ष एवं समानताको आधारमा नम्र व्यवहार गर्नु पर्ने,

(५) नियम विपरित काम गराउनका लागि भनसुन गर्न, दवाव दिन र दवाव स्वीकार गर्न नहुने,

(६) आफ्नो दायित्व इमान्दारीपूर्वक समयमानै सम्पन्न गर्नु र सम्बन्धित पक्ष/व्यक्ति/समूहलाई सहयोग गर्नु पर्ने,

(७) आफ्नो पदीय दायित्वको दुरूप्रयोग गरी व्यक्तिगत लाभ लिन वा दलगत राजनैतिक स्वार्थ पूर्ति गर्न नहुने,

(८) संघ/संस्थाको उद्देश्य अनुरूप कार्य योजनाहरूको तर्जुमा गरी कार्य संचालन गर्नु गराउनुपर्ने,

(९) जानी जानी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संघ/संस्थाको आदर्श तथा हित विपरित हुने कुनै पनि क्रियाकलापमा संलग्न हुन नहुने,

(१०) संघ/संस्थासंग कुनै पनि प्रकारको सापटी लिन नहुने, बुझाउनु पर्ने पेश्की, ऋण/किस्ता समयमानै चुक्ता गर्नु पर्ने र कुनै पनि प्रकारको हिनामिनामा संलग्न हुन नहुने,

(११) संघ/संस्थासंग नियमित कारोवार गर्नु तथा सम्भव भएसम्म संघ/संस्थाबार्टे उत्पादित वस्तु र सेवाहरूको प्रयोगमा प्राथमिकता दिने,

(१२) संघ/संस्थाको अहित हुने गरी प्रतिस्पर्धी हुने खालको कुनै व्यक्तिगत व्यवसाय वा कारोवार संचालन गर्न नहुने,

(१३) सांस्कृतिक एवं पारिवारिक रितिरिवाज अनुसार सम्पन्न गरिने सामाजिक व्यवहारलाई शिष्ट, सामान्य र मितव्ययी बनाई समाजमा नमुनाको रूपमा रहन प्रयत्नशिल रहने,

(१४) व्यक्तिगत लाभ आर्जन हुने गरी आफु आवद्ध रहेको संघ/संस्थासंग कुनै प्रकारको शर्त, सम्झौता, करार गरी कुनै ठेक्का, पट्टा वा योजना संचालन गर्न नहुने,

(१५) राष्ट्रिय सहकारी संघ, केन्द्रीय संघहरू तथा राष्ट्रिय सहकारी बैंकको पदिय दायित्वमा रहेको सदस्यहरूले आफु सम्बद्ध रहेको संघबाट व्यक्तिगत ऋण लिन नहुने, र

(१६) पदीय दायित्व वहन गर्ने सदस्यहरूले कुनै बैंक, वित्तीय संस्था तथा सहकारी संघ/संस्थामा भाखा नघाई ऋण नतिर्ने ऋणीहरूको सूचीमा सुचिकृत हुनु नहुने ।

परिच्छेद–३

## सदस्यहरूले पालना गर्नुपर्ने आचार संहिता

६. सहकारी संघ/संस्थाका सदस्यहरूले देहाय वमोजिमको आचार संहिताहरू पालना गर्नुपर्ने छः–

(१) सहकारीका मूल्य, मान्यता, सिद्धान्त तथा सहकारी ऐन, नियम, विनियम, नीति निर्णयहरूको पूर्ण पालना गर्नु पर्ने,

(२) संघ/संस्थाको साधारण सभा तथा अन्य कार्यक्रमहरूमा सकृयतापूर्वक सहभागिता जनाउनु पर्ने,

(३) संघ/संस्थामा नियमित कारोवार गर्ने तथा संघ/संस्थाको व्यवसायिक कारोवारमा क्षमता अनुसार सहभागिता जनाउने,

(४) संघ/संस्थाको हैसियत प्रयोग गरी नाजायज फाईदा लिन नहुने,

(५) संघ/संस्थालाई बुझाउनु पर्ने पेश्की, ऋण, किस्ता तथा आफुले बुझाउन कवुल गरेको रकम तोकिएको समयमा नै भुक्तानी गर्नुपर्ने,

(६) सेवाग्राही सदस्य समेतलाई धर्म, जात, जाती, लिङ्ग, वर्ण, भाषा, दलगत राजनीति आदिका आधारमा भेदभाव गर्न नहुने र हरेक व्यक्तिसंग नम्रता तथा आदरपूर्वक व्यवहार गर्नुपर्ने,

(७) प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संघ/संस्थाको उद्देश्य तथा हित विपरित हुने कुनै पनि क्रियाकलापमा संलग्न हुन नहुने,

(८) संघ/संस्था बाट संचालन गरिने सामुदायिक विकास निर्माणका कार्यहरूमा आवश्यकता र निर्णय अनुसार सहयोग प्रदान गर्ने, र

(९) सहकारी संघ/संस्थाबाट प्रदान गरिने सेवाहरू तथा उत्पादित वस्तुहरूको प्रयोग गर्ने बानी बसाल्ने ।

परिच्छेद–४

## व्यवस्थापकीय पक्ष (कर्मचारी) ले पालना गर्नुपर्ने आचार संहिता

७. सहकारी संघ/संस्थाका कर्मचारीहरूले देहाय वमोजिमको आचार संहिता पालना गर्नुपर्ने छः–

(१) सहकारी मूल्य, मान्यता, सिद्धान्त, ऐन, नियम, विनियम, नियमावली, नीति, निर्णय, सम्झौता, आदर्शको बर्खिलाप हुने गरी कुनै काम कारवाही गर्न नहुने,

(२) साधारण सभा, समिति/उपसमितिका निर्णय निर्देशनको पालना गर्नुपर्ने,

(३) प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संघ/संस्थाको हानी, नोक्सानी हुने वा वदनामी हुने कुनै पनि क्रियाकलापमा संलग्न नहुने,

(४) दलगत राजनीति, घर्म, जात, जाति, वर्ण, लिङ्ग आदिको आधारमा भेदभाव रहित व्यवहार गर्नुपर्ने,

(५) संघ/संस्थाको गोपनियता भङ्ग गर्न नहुने,

(६) कामको सिलशिलामा उपहार, दान, दातव्य, घुस, चन्दा आदि लिन वा दिन नहुने,

(७) संघ/संस्था तथा अन्य सरोकारवाला (Stakeholders) व्यक्तिहरूको स्वाभिमान तथा आदर्शको सम्मान गर्दै निष्पक्ष एवं समानताको आधारमा व्यवहार गर्ने,

(८) कार्यरत संघ/संस्थाको निर्वाचनमा उम्मेदवारी दिनुका साथै निर्वाचनमा प्रचार प्रसार गर्न वा कुनै प्रकारको प्रभाव पर्ने कार्य गर्न नहुने,

(९) संघ/संस्थाका अधिकार प्राप्त अधिकारीको लिखित अनुमती वेगर कुनै कर्मचारीले संघ/संस्थाको सम्पत्ती कसैलाई दिनु वा कसैबाट लिनु नहुने,

(१०) संघ/संस्थाको हैसियत प्रयोगगरी आफ्नो व्यक्तिगत वा दलगत राजनैतिक स्वार्थ सिद्ध गर्न नहुने,

(११) कुनै नाजायज कार्यका लागि कसैको दवाव स्वीकार गर्न वा कसैमाथि दवाव सृजना गर्न नहुने,

(१२) व्यक्तिगत लाभ आर्जन हुने गरी कार्यरत संघ/संस्थासंग कुनै प्रकारको शर्त, सम्झौता, करार गरी ठेक्का, पट्टा वा योजना संचालन गर्न नहुने र प्रतिस्पर्धी हुने खालको कुनैपनि व्यवसाय, ठेक्का पट्टा आदि संचालन गर्न नहुने, र

(१३) संघ/संस्थाबाट उत्पादित वस्तु तथा सेवाहरूको उपभोगमा प्राथमिकता दिने र संघ/संस्थासंग कारोवार गर्न प्रोत्साहित गर्ने ।

## परिच्छेद–५
## सहकारी संघ संस्थाहरूले पालना गर्नुपर्ने नियमहरू (आचार संहिता)

८. सहकारी संघ संस्थाहरूले देहाय वम्मोजिको नियमहरू (आचार संहिता) पालना गर्नुपर्ने छः–

(१) सहकारी मुल्य मान्यता, सिद्धान्त तथा ऐन नियमको वर्खिलाप हुने गरी संस्थाको विनियम, नीति, नियमावलीहरू निर्माण गर्ने तथा सो को अपव्याख्या गरी कार्य गर्न नहुने,

(२) आफ्ना सदस्यहरूको आर्थिक तथा सामाजिक उन्नती हुने खालका पेशा तथा व्यवसायलाई प्रवर्द्धन हुने गरी उद्देश्यहरूको निर्धारण गरी सोही उद्देश्य अनुसार मात्र कारोवार गर्नु पर्ने,

(३) सहकारी संघ/संस्थाले आफ्नो कारोवार तोकिएको कार्यक्षेत्रभित्र रहि सदस्यसँग मात्र संचालन गर्नु पर्ने,

(४) संघ/संस्था बीच अस्वस्थ प्रतिस्पर्धा हुने कार्य गर्नु नहुने,

(५) राजनैतिक पार्टी, संघ/संगठन वा धार्मिक सम्प्रदायमा चन्दा वा आर्थिक सहयोग गर्न नहुने,

(६) कुनै बैंक, वित्तीय संस्था तथा सहकारी संघ/संस्थाबाट ऋण नतिर्ने ऋणीहरूको सुचीमा सूचिकृत भएको व्यक्ति वा संस्था वा कम्पनीसंग आफ्नो व्यवसायिक क्रियाकलाप संचालन गर्नु गराउनु नहुने,

(७) आफ्नो आवधिक प्रगति विवरण वार्षिक लेखा परिक्षण प्रतिवेदन सहकारी विभाग/डिभिजन सहकारी कार्यालय र आफू आवद्ध संघमा अनिवार्य पेश गर्नुपर्ने,

(८) आफुभन्दा माथिल्लो संघको सदस्यता लिनु पर्ने र माथिल्लो संघले पनि माग वमोजिम सहकारी संघ संस्थाहरूलाई सदस्यता प्रदान गरी सहजतापूर्वक आवद्ध गराउनु पर्ने,

(९) संघ/संस्थाले दिने सेवा सदस्य केन्द्रीत हुनुपर्ने र कारोवारलाई पारदर्शी बनाउनु पर्ने,

(१०) सम्भव भएसम्म सहकारीबाट उत्पादित वस्तु तथा सेवाहरूको मात्र प्रयोग गर्ने,

(११) कम्तीमा कुल कारोवारको १ प्रतिशत वा आयको ५ प्रतिशत रकम शिक्षा तथा तालीम कोषमा छुट्याई सदस्यहरूलाई नियमित शिक्षा तथा तालीमको व्यवस्था गर्नुपर्ने,

(१२) सदस्यहरूमा गलत प्रभाव पार्ने तथा गैह्र सदस्यहरूलाई आकर्षित गर्ने उद्देश्यले बढी व्याज दिने, विशेष सुविधा उपलव्ध गराइने आदि कुराहरू उल्लेख गराई संघ/संस्था बीच अस्वस्थ प्रतिष्पर्धा हुने खालका विज्ञापन, प्रचार प्रसार तथा प्रकाशन गर्न नहुने,

(१३) सहकारी संघ/संस्थाको लोगो, साइनवोर्ड र पदावधिमा एकरूपता कायम गराउँदै जाने प्रयास गर्नु पर्ने, र

(१४) आपना सदस्य संघ/संस्थाहरूको नियमित अनुगमन मूल्याङ्कन गर्ने गराउनु पर्ने ।

## परिच्छेद–६
## विविध

९. व्याख्या र संशोधन

(१) यस आचार संहिताको व्याख्या गर्ने अन्तिम अधिकार राष्ट्रिय सहकारी संघको संचालक समितिमा रहने छ ।

(२) यस आचार संहितामा समयानुकुल संशोधन गर्नु पर्ने भएमा राष्ट्रिय सहकारी संघको साधारण सभाले निर्णय गरी गर्न सक्नेछ ।